स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दर्शक भेट्न हल-हलमा स्वस्तिमा, भन्छिन्- पुरुष दर्शकको आँखा पनि रसाएका छन्। याम थापा निर्देशित फिल्म "लालीबजार" देशब्यापी प्रदर्शन भैरहेको छ। प्रदर्शन भएपछि कलाकार र फिल्म युनिट दर्शक भेट्न हल-हलमा पुगिरहेको छ। शीर्ष पात्रको भूमिका निर्वाह गरेकी अभिनेत्री स्वस्तिमा खड्काले हलमा पुगेर दर्शक भेटेका फोटो र भिडियो सामाजिक सञ्जालमा सेयर गरिरहेकी छन्।

**आजको विचार...**



सुकुमबासी... *(दुई पेजमा)*

बलराम बास्कोटा



नेपाली चलचित्रका महानायक राजेश हमालले मानव जीवनका लागि पानी सबैभन्दा महत्त्वपूर्ण आधार भएको बताउँदै यसको संरक्षणमा ध्यान दिन सबैलाई आग्रह गरेका छन्। पानी बिना मानव जीवन सम्भव नभएको उनको धारणा थियो। नयाँ साङ्गीतिक सिर्जना "म हुँ पानी" को सार्वजनिक कार्यक्रममा बोल्दै हमालले पानीको मूल्य र यसको मानवीय अस्तित्वसँगको सम्बन्धबारे विभिन्न धारणा राखेका थिए।

❐ वर्ष ३१ ❐ अंक २८२ ❐ २०८३ बैशाख २८ गते सोमबार 11 May 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### इजरायली आक्रमणमा १७ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**बेइरुट,** वैशाख २७/लेबनानको राजधानी बेइरुट नजिक तथा दक्षिणी क्षेत्रमा इजरायलले गरेको ड्रोन र हवाई आक्रमणमा कम्तीमा १७ जनाको मृत्यु भएको छ । मृतकमध्ये एक १२ वर्षीया बालिका पनि रहेको जनाइएको छ । स्थानीय सञ्चारमाध्यम र स्वास्थ्य मन्त्रालयका अनुसार शनिबार बेइरुटको दक्षिणी क्षेत्रमा सवारीसाधनलाई लक्षित गरी गरिएको तीनवटा ड्रोन आक्रमणमा चार जनाको ज्यान गएको हो । त्यस्तै, दक्षिणी लेबनानका विभिन्न क्षेत्रमा भएका हवाई आक्रमणमा थप १३ जनाको मृत्यु भएको बताइएको छ । इजरायल र हेजबुल्लाहबीच अप्रिल १७ मा युद्धविराम घोषणा भए पनि दुवै पक्षबाट दैनिकजसो आक्रमण जारी रहेका छन् । पछिल्ला घटनाले युद्धविरामपछि पनि तनाव कम नभएको सङ्केत गरेको छ । बुधबार राति इजरायली वायुसेनाले बेइरुटको दक्षिणी उपनगरमा आक्रमण गर्दै हेजबुल्लाहका एक वरिष्ठ सैन्य अधिकारी मारिएको दाबी गरेको थियो । युद्धविरामपछि राजधानी नजिक गरिएको यो पहिलो आक्रमण मानिएको छ । शनिबार भएका दुई आक्रमण बेइरुटलाई दक्षिणी बन्दरगाह सहर सैदासँग जोड्ने राजमार्ग क्षेत्रमा भएका थिए, जहाँ केही व्यक्ति घाइते भएका छन् ।


# आजदेखि संघीय संसद्को बजेट अधिवेशन

## नीति तथा कार्यक्रम प्रस्तुत हुँदै

हाम्रा संवाददाता

**पाल्पा,** वैशाख २७/संघीय संसद् अन्तर्गत प्रतिनिधिसभा र राष्ट्रियसभाको वर्षे अर्थात् बजेट अधिवेशन आजदेखि सुरु हुँदैछ । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा वैशाख २८ गते संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेअनुरुप सदनको बजेट अधिवेशन सुरु हुन लागेको हो ।

गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार सरकारले गत मंगलबारमात्रै राष्ट्रपतिसमक्ष अधिवेशन आह्वानको सिफारिस गरेको थियो । यसअघि पनि सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले वैशाख १७ गतेका लागि अधिवेशन आह्वान गरेका थिए, तर पछि तयारी नपुग्ने भन्दै सरकारले नै अधिवेशन स्थगित गर्न राष्ट्रपतिलाई आग्रह गरेको थियो । आज नेपालको संविधानको धारा ९५ अनुसार राष्ट्रपतिले अपराह्न ४ बजे सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने छन् । उक्त धारामा प्रतिनिधिसभाको निर्वाचन






भएपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि राष्ट्रपतिले दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने प्रावधान छ । राष्ट्रपति पौडेलबाट नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा अपराह्न ३ :४५ बजे अगावै उपस्थित हुन प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यलाई संसद् सचिवालयले अनुरोध गरेको छ । त्यसअघि अपराह्न २:०० बजे प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक हुने छन् । संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाको बैठकमा राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्रबारे जानकारी दिने, मन्त्रिपरिषद्को हेरफेरसम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त सूचनाबारे सदनलाई अवगत गराउने सम्भावित कार्यसूची छ । त्यसैगरी, सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन, प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २६० बमोजिम जारी भएको बाधा अड्काउ फुकाउ अनुमोदनका लागि पेस हुने, प्रतिनिधिसभा नियमावलीको मस्यौदा पेस हुनेलगायत कार्यसूची छ । यसैगरी, सरकारबाट जारी भएका 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३', 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३', 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) पहिलो संशोधन अध्यादेश, २०८३' लगायत आठ अध्यादेश पेस गर्ने कार्यसूची रहेको संसद सचिवालयले जनाएको छ । राष्ट्रियसभाको बैठकमा पनि ती अध्यादेशहरु पेस हुनेछन् । आगामी आर्थिक वर्षको आयव्ययको अनुमानित विवरण (बजेट) जेठ १५ मा संसद्मा पेस गर्नुपर्ने संवैधानिक प्रावधान छ । त्यसअघि सरकारको वार्षिक नीति तथा कार्यक्रम दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपतिबाट प्रस्तुत हुनेछ ।

# एसइई नतिजा सार्वजनिकको अन्तिम तयारी




**पाल्पा,** वैशाख २७/परीक्षा नियन्त्रण कार्यालयले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा प्रकाशनको अन्तिम तयारी थालेको छ । गत चैत १९ देखि २९ गतेसम्म सञ्चालन भएको उक्त परीक्षाका उत्तरपुस्तिका परीक्षा समाप्त हुनासाथ परीक्षण एवं सम्परीक्षणई थालेको उक्त कार्यालयले यही वैशाख २९ गतेभित्र परीक्षाफल सार्वजनिक गर्ने अन्तिम तयारी थालेको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

परीक्षा भएको १ महिनाभित्र नतिजा सार्वजनिक गर्न लागेको बोर्डले इन्ट्रीको काम सकेर कुनै त्रुटि हुन नदिन रुजुको काम गरिरहेको छ । 'नतिजा सार्वजनिकको नजिक आइपुगेका छौं । पर्सिसम्म आउँछ । आइटीले काम गरिरहेको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने, 'त्रुटि नहुनेगरी नतिजा सार्वजनिक गर्छौं ।' यसपटक परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गर्न लागिएको हो । आइटीले काम सकेपछि बोर्ड बैठक बोलाउने तयारीमा छ । बोर्ड बैठक बसेपछि नतिजा सार्वजनिक गरिनेछ । गतवर्ष परीक्षामा ५ लाख १२ हजार ४२१ जना विद्यार्थीले फारम भरेका थिए । जसमा नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेड वृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षाका लागि फारम भरेका थिए । जसमा दुई लाख ५७ हजार ६१३ छात्रा, दुई लाख ५४ हजार ८०१ छात्र र अन्य ७ जना छन् ।

# बालविवाह न्यूनीकरण सम्बन्धी डकुमेन्ट्रीको समीक्षा

**पाल्पा (रामपुर),** वैशाख २७/ जिल्लाको रामपुरमा बालविवाह न्यूनीकरण सम्बन्धी तयार पारिएको सचेतनामूलक डकुमेन्ट्रीको समीक्षा गरिएको छ । नगर बाल सञ्जाल रामपुरको आयोजनामा डकुमेन्ट्रीको समीक्षा गरिएको हो ।

रामपुर नगरपालिकाले आगामी मंसिर ५ गते बालमैत्री स्थानीय साशन घोषणा गर्ने गरी तयारी अगाडि बढाइरहेको छ । सोही क्रममा नगर भित्रका सबै वडामा प्रदर्शन गरिएको डकुमेन्ट्री तथा अन्तर्क्रिया कार्यक्रमको समीक्षा गरिएको बाल सञ्जालले जनाएको छ । कार्यक्रममा नगर प्रमुख रमण बहादुर थापाले नगरपालिकालाई निर्धारित मितिमै बालमैत्री स्थानीय साशन घोषणा गर्नका लागि बाल सञ्जाले देखाएको सक्रियता महत्वपूर्ण रहेको बताए । बालबालिकाको क्षेत्रमा भएका विभिन्न शोषण र बालविवाह न्यूनीकरण गर्न बालबालिका स्वयम सचेत हुन आवश्यक रहेको उनले बताए । कला र चलचित्र प्रदर्शनबाट



बढी प्रभावकारी हुने भएकाले बालविवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक डकुमेन्ट्री प्रदर्शन गरिएको उनको भनाई छ । नगर प्रमुख थापाले सचेतना भए पनि बालविवाह समाजमा व्याप्त रहेको भन्दै अब कारवाहीलाई कडाई गरेर न्यूनीकरण गर्नु पर्नेमा जोड दिए । साथै नगर बाल सञ्जालको सक्रियतामा सचेतनात्मक कार्यक्रम मात्र नभई रोकथाम र खबरदारी सहित कारवाहीको प्रक्रिया अगाडि बढाउन सके थप प्रभावकारी हुने उनको भनाई छ । उपप्रमुख बाल कुमारी थापाले बालमैत्री स्थानीय साशन घोषणाका लागि सबैको सक्रियता आवश्यक रहेको उल्लेख गरिन् । उनले बाल सञ्जाल, जनप्रतिनिधि, सरोकारवाला सबै सक्रियताका साथ जिम्मेवारी निर्वाह गर्न सके मात्र बालमैत्री स्थानीय साशन घोषणा सम्भव हुने धारणा व्यक्त गरिन् । कार्यक्रममा रामपुर नगरपालिका -२ का वडा अध्यक्ष कृष्णबहादुर दर्जीले बालमैत्री स्थानीय साशन घोषणाका लागि नगर बाल सञ्जालले वडा बाल सञ्जाललाई पनि सक्रिय बनाउन आवश्यक रहेको बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## मनसुनजन्य जोखिमको पूर्वतयारी गरौं

**मानवीय जीवन सधैँ सङ्कट र त्रासमै गुज्रिरहेको हुन्छ । भूकम्पीय जोखिम, वर्षामा बाढीपहिरोको त्रास, हिउँदमा सुक्खा र खडेरीको त्राससँगै आगलागीबाट हुने अकल्पनीय जनधनको क्षतिका कारण बाह्रै महिना असुरक्षित अनुभव गर्दै जीवनयापन गर्नु बाध्यता नेपालीको छ । एकाएक आइपर्ने प्राकृतिक विपत्तिलाई टारौँ भनेर टार्न सकिन्न तर बेलैमा सावधानी अपनाइयो भने क्षति न्यूनीकरण गर्न भने अवश्य सकिन्छ । विपत् जुनसुकै बेला पनि आउन सक्ने आकलनसहित योजनाबद्ध रूपमा सधैँ तम्तयार रहन आवश्यक देखिन्छ । अझ यस वर्ष नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण जल तथा मौसम विज्ञान विभागले गरेको छ । जेठ १८ देखि असोज १४ सम्म रहने मनसुनमा अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको छ । यो केवल मौसमसम्बन्धी तथ्य मात्र होइन, नेपालको कृषि, ऊर्जा, खानेपानी, स्वास्थ्य र समग्र अर्थतन्त्रसँग जोडिएको चेतावनी समेत हो ।**

**विशेष गरी कर्णाली, लुम्बिनी, मधेस र कोशी प्रदेशका धेरै भूभागमा कम वर्षाको सम्भावना उच्च देखिनुले आगामी कृषि उत्पादनमा प्रत्यक्ष असर पर्ने संकेत गरेको छ । नेपालमा अझै पनि ठूलो जनसंख्या आकाशे पानीमा आधारित खेती प्रणालीमा निर्भर छ । धान रोपाइँको समयमा पर्याप्त वर्षा नहुँदा उत्पादन घट्ने, खाद्यान्न आयात बढ्ने र ग्रामीण अर्थतन्त्रमा दबाब सिर्जना हुने जोखिम स्वाभाविक रूपमा बढ्छ ।कम वर्षा हुनु भनेको केवल खेती प्रभावित हुनु मात्र होइन, जलाशय सुक्ने, सिंचाइ प्रणाली कमजोर हुने, वन डढेलोको जोखिम बढ्ने र नदीको बहाव घट्दा जलविद्युत् उत्पादनमा असर पर्ने अवस्था पनि हो । यस्तो अवस्थामा समयमै तयारी नगर्ने हो भने भोलिको क्षति नियन्त्रण बाहिर जान सक्छ । त्यसैले अब सरकार, निजी क्षेत्र र नागरिक सबैले मिलेर मनसुनजन्य विपद्को तयारी आजैबाट सुरु गर्नुपर्नेछ । समयमै गरिने तयारीले मात्रै विपद्बाट हुने जोखिम र क्षतिलाई पूर्णरूपमा रोक्न नसके पनि त्यसबाट हुने क्षति अवश्य घटाउन सक्छ । विगतमा देखिएका विपत् आइपरेपछि मात्र चासो देखाउने तर बेलैमा सचेतना, सावधानी तथा सुरक्षाका उपाय अवलम्बन नगरिने प्रवृत्ति अन्त्य गरी क्षति हुनबाट जोगाउन सबै पक्षले सतर्कता अपनाउन वाञ्छनीय देखिन्छ ।**

### Opinion @ Social Network

नियत सफा राखेर आफ्नो कर्म गर्दै जानुहोस
किनकी समयले दिने जवाफ सबैभन्दा शक्तिशाली हुन्छ
*(रमा पुनको फेसबुक स्टाटसबाट www.facebook.com/Rama.Pun)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुकुमबासी सङ्कट र बालेन सरकारको नयाँ फासीवाद



## बलराम बास्कोटा

*बालेनको प्रधानमन्त्रित्व प्राविधिक दक्षता र मध्यमवर्गीय राष्ट्रवादको मिश्रण हो । उनले आफूलाई विचारधाराभन्दा माथि देखाउन खोजे पनि वास्तवमा उनले सहरी कुलीन र दलाल पुँजीवादको सेवा गरिरहेका छन् । प्रधानमन्त्रीका रूपमा उनको क्रूरता व्यक्तिगत स्वभाव मात्र नभई पुँजीवादी राज्यसत्ताले सर्वहारा वर्गलाई नियन्त्रणमा राख्न प्रयोग गर्ने एउटा औजार हो । जब पुँजीवादले लोकतान्त्रिक संस्थाहरूबाट आफ्नो स्वार्थ रक्षा गर्न सक्दैन, तब उसले बालेनजस्ता संविधान र कानुन मिच्ने कथित शक्तिशाली शासक अर्थात् राजनीतिक लफङ्गोको खोजी गर्छ । यसले विधिको शासन मिचेर जनमतको आडमा मूर्खतापूर्ण निर्णय गर्छ । यो मूर्खतापूर्ण निर्णयको मसी पनि सुक्न नपाउँदै अर्थात् सूचना सार्वजनिक गरेको २४ घण्टा पनि बित्न नपाउँदै सुकुमबासी बस्तीलाई सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी तथा महानगरको प्रहरीको घेराबन्दीमा कैद गरेर बस्तीहरूलाई भग्नावशेष बनाइयो । 'हरेक नागरिकलाई आवासको व्यवस्थापन गरिनेछ' भनी प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेखेर सकारात्मक सेन्टिमेन्ट क्यास गर्न खोजे पनि खासमा त्यो उनको कुटिल चालबाहेक केही थिएन ।*

अहिले नेपालमा सुकुमबासी समस्या जटिल, सङ्गीन, संवेदनशील र दीर्घकालीन समस्याका रूपमा अघि बढिरहेको छ । नेपालभर नदीका किनार, पहाडका खोरिया र तराईका सार्वजनिक स्थानमा बसोबास गर्दै आएका भूमिहीन परिवारको सङ्ख्या लाखौँमा रहेको छ । भर्खरै निर्वाचनबाट झन्डै दुईतिहाइ बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह प्रधानमन्त्री बनेपछि यो सरकार सुकुमबासी समस्यालाई केन्द्रमा राखेर विना विकल्प सुकुमबासीहरूविरुद्ध डोजर आतङ्क मच्चाएर आफ्नो क्रूरता प्रदर्शन गरिरहेको छ । नेपालको सन्दर्भमा 'सुकुमबासी' शब्दले केवल घरजग्गा नभएका मानिसलाई मात्र बुझाउँदैन, यसले राज्यको विभेदकारी नीति, सामन्ती भू-स्वामित्व र पुँजीवादी विकासको कुरूप तस्बिरलाई पनि उजागर गर्छ। दशकौँदेखि अल्झिएको यो समस्या हालका दिनमा बालेन सरकारको 'डोजर अभियान'सँगै पुन: चर्चा र विवादको केन्द्रमा आएको छ । वामपन्थी दृष्टिकोणबाट हेर्दा यो समस्या केवल व्यवस्थापकीय कमजोरी नभई वर्ग सैर्ष र अधिकारको लडाइँ हो ।

**बालेन सत्ताको वर्ग चरित्र**

मार्क्सवादले कुनै पनि शासकलाई उसको व्यक्तिगत छविबाट होइन, उसले प्रतिनिधित्व गर्ने वर्गबाट चिन्दछ । बालेनको प्रधानमन्त्रित्व प्राविधिक दक्षता र मध्यमवर्गीय राष्ट्रवादको मिश्रण हो । उनले आफूलाई विचारधाराभन्दा माथि देखाउन खोजे पनि वास्तवमा उनले सहरी कुलीन र दलाल पुँजीवादको सेवा गरिरहेका छन् । प्रधानमन्त्रीका रूपमा उनको क्रूरता व्यक्तिगत स्वभाव मात्र नभई पुँजीवादी राज्यसत्ताले सर्वहारा वर्गलाई नियन्त्रणमा राख्न प्रयोग गर्ने एउटा औजार हो । जब पुँजीवादले लोकतान्त्रिक संस्थाहरूबाट आफ्नो स्वार्थ रक्षा गर्न सक्दैन, तब उसले बालेनजस्ता संविधान र कानुन मिच्ने कथित शक्तिशाली शासक अर्थात् राजनीतिक लफङ्गोको खोजी गर्छ । यसले विधिको शासन मिचेर जनमतको आडमा मूर्खतापूर्ण निर्णय गर्छ । यो मूर्खतापूर्ण निर्णयको मसी पनि सुक्न नपाउँदै अर्थात् सूचना सार्वजनिक गरेको २४ घण्टा पनि बित्न नपाउँदै सुकुमबासी बस्तीलाई सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी तथा महानगरको प्रहरीको घेराबन्दीमा कैद गरेर बस्तीहरूलाई भग्नावशेष बनाइयो । 'हरेक नागरिकलाई आवासको व्यवस्थापन गरिनेछ' भनी प्रधानमन्त्रीले सामाजिक सञ्जालमा लेखेर सकारात्मक सेन्टिमेन्ट क्यास गर्न खोजे पनि खासमा त्यो उनको कुटिल चालबाहेक केही थिएन । संयुक्त राष्ट्रसै र एमनेस्टी इन्टरनेसनलले बालेनको यो कारबाहीको निन्दा र भर्त्सना गरेका छन् । एमनेस्टी इन्टरनेसनलले त यसलाई विधिको शासनको अन्त्य भनेको छ । प्रधानमन्त्री शाहले डोजर आतङ्क मच्चाउनुको खास कारण उनले नदी किनारका सुकुमबासीलाई सुरक्षित स्थानमा लैजानका लागि थिएन भन्ने कुरा त उनकै पछिल्ला व्यवहारहरूले पुष्टि गरेका छन् ।

**पुँजीवादी विसङ्गतिको उपज सुकुमबासी समस्या**

यहाँ हामीले बुझ्नुपर्ने कुरा के छ भने सुकुमबासी समस्या कुनै प्राविधिक त्रुटि वा अतिक्रमण मात्र होइन । यो आदिम पुँजी सञ्चयको निरन्तरता हो । जमिनको वस्तुकरणबाट सिर्जित समस्या हो । सामन्ती व्यवस्थाबाट पुँजीवादमा प्रवेश गर्दा जमिनलाई जीवनको आधारबाट हटाएर नाफाको वस्तु बनाइयो । यसले गर्दा वास्तविक श्रमजीवीहरू आफ्नो थातथलोबाट विस्थापित भए । सहरीकरण र विस्थापनका कारण गाउँमा कृषि क्रान्ति हुन नसक्नु र सहरमा औद्योगिक विकास नहुनुले एक ठूलो जनसङ्ख्यालाई सर्वहारामा परिणत गरिदियो । जिजीविषाको खोज र गुम्दै गरेको रोजगारीबिच उनीहरू सहर पसे तर सहरको जमिनमा पुँजीपतिहरूको एकाधिकार थियो । जीवन र परिवार चलाउनैपर्ने बाध्यताले उनीहरूलाई सहरका खोला किनारमा ओत लाग्न बाध्य बनायो । यही संरचनात्मक विभेदका कारण खोलाका किनार र वन-बुट्यानमा बसोबास गरेका निमुखा जनतालाई शाहको सरकारले अपराधीका रूपमा चित्रण गरिरहेको छ । तर हाम्रो नजरमा सुकुमबासी किमार्थ अपराधी होइनन् । उनीहरू त यो व्यवस्थाका पीडित, अपहेलित र उपेक्षित वर्ग हुन्। सहर बनाउने मजदुर नै सहरबाट लखेटिनु पुँजीवादको सबैभन्दा ठूलो विरोधाभास र विडम्बना हो ।

**डोजर शासनको राजकीय क्रूरता**

प्रधानमन्त्रीका रूपमा शाहले अपनाएको डोजर संस्कृतिलाई कम्युनिस्टहरूले गरिबविरुद्धको युद्ध मान्नुपर्छ । पुँजीपतिहरू श्रमजीवीप्रति सहनशील हुँदैनन्। उनीहरू क्रूर हुन्छन् । शाह पनि दलाल पुँजीपति र साम्राज्यवादको दलाल भएको हुँदा आफ्नो क्रूरता प्रदर्शन गरिरहेका छन् । उनका क्रूरतालाई हामी यसरी लिपिबद्ध गर्न सक्छौँ : विना विकल्पका सुकुमबासी बस्तीहरूमा सेना, सशस्त्र प्रहरी र जनपथ प्रहरीलाई डोजर लिएर पठाउनु राज्यको फासीवादी चरित्रको उत्कृष्ट नमुना हो । यसले सर्वहारा वर्गको बाँच्न पाउने अधिकारलाई ठाडै कुल्चिएको छ । त्यसैले यो संविधानविरोधी गतिविधि हो । शाह सरकारका लागि सहरको 'सौन्दर्य' अर्थात् चिल्ला सडक, पार्क र बिजुलीबत्तीको झिलिमिली गरिबको चुल्होभन्दा महत्त्वपूर्ण भएको छ । यो सौन्दर्य चिन्तनले मानिसलाई होइन, केवल निर्जीव संरचनालाई प्रेम गर्छ। मानिसलाई भोकै मर्ने अवस्थामा पुर्‍याएर गरिने विकासको कल्पना आफैँमा फासीवादको उत्कृष्ट नमुना हो । सरकारले गरिबको झुपडी भत्काउन जुन तत्परता देखाएको छ, त्यही तत्परता ठूला व्यापारीले कब्जा गरेका सरकारी जग्गा फिर्ता गराउनमा देखाएको छैन । यो 'हुनेखाने' र 'हुँदाखाने'बिच गरिएको स्पष्ट वर्गीय विभेद हो । यसले सरकारको वर्गीय चिन्तनलाई स्पष्ट पार्छ ।

**व्यवस्थापन कि रूपान्तरण ?**

हामीले सुकुमबासी समस्याको समाधान टालटुले नीतिबाट होइन, आमूल परिवर्तनकारी एजेन्डाबाट मात्रै गर्न सक्छौँ र सरकारको प्रयास पनि त्यसैतर्फ हुनुपर्ने थियो। प्रधानमन्त्री शाह डोजर दमनको प्रतीक बन्नुको सट्टा उनले समस्याको वास्तविक समाधानका लागि यसको जरोमा गएरै समाधानको विकल्प खोज्नुपर्थ्यो ।

**सहरको सुकुमबासी समस्या समाधानका लागि निम्न काम गर्न सकिन्छ :**

१. जमिनलाई निजी सम्पत्तिका रूपमा राख्ने व्यवस्थाको अन्त्य गरौँ । 'जसको जोत, उसको पोत'को नारालाई सहरी सन्दर्भमा 'जसको श्रम, उसको बास'मा परिणत गर्नुपर्छ । नेपालको संविधानले आवास अर्थात् बासस्थानलाई मौलिक हकका रूपमा स्वीकारेको छ, यसको पूर्ण कार्यान्वयन गर्न दबाब वा आन्दोलनको सहारा लिनुपर्छ ।

२.सुकुमबासीलाई सहरबाट टाढा धकेल्नुको सट्टा उनीहरूलाई सहरभित्रै बहुआयामिक सार्वजनिक आवासमा व्यवस्थित गर्नुपर्छ । सहरका ठूला महलहरू र खाली जग्गाहरूको सामाजिक अडिट गरी भूमिहीनहरूलाई वितरण गरिनुपर्छ ।

३.सुकुमबासी समस्या हल गर्न उनीहरूको आर्थिक हैसियत सुधार्ने कार्यक्रम र योजना ल्याइनुपर्छ। राज्यले ठूला उद्योगहरू स्थापना गरी उनीहरूलाई उत्पादनको प्रक्रियामा जोड्नुपर्छ । जबसम्म मानिस आर्थिक रूपमा आत्मनिर्भर हुँदैन, उसले जग्गा किन्न सक्दैन र सुकुमबासीको चक्र चलिरहन्छ । ऊ कहिल्यै त्यो चक्रव्यूहबाट मुक्त हुन सक्दैन । त्यसैले यो चक्रबाट निकाल्नका लागि राज्यले ठोस कदम चाल्नुपर्ने हुन्छ ।

४. जननिर्वाचित सरकारको हैसियतले शक्ति र पहुँचको आधारमा जग्गा हडप्ने वर्गलाई कडा कारबाही र वास्तविक सुकुमबासीलाई संरक्षण गर्ने नीति लिनुपर्छ ।

**निष्कर्ष :**प्रधानमन्त्री शाहको शासनकालले यो स्पष्ट पारेको छ कि लोकरिझ्याइँले गरिबको समस्या हल गर्दैन, बरु त्यसलाई थप दमन गर्छ । सुकुमबासी समस्याको अन्त्य डोजरले झुपडी भत्काएर होइन, बरु यो समस्या सिर्जना गर्ने पुँजीवादी प्रणालीलाई भत्काएर मात्र सम्भव छ । आम सुकुमबासी एवं नेपाली सर्वहारा वर्गले अब के बुझ्नुपर्छ भने शाहजस्ता लफङ्गा शासकको पछि लागेर देशमा यो विभेद झनै बढ्ने स्पष्ट छ । त्यसैले यस्तो लोकरिझ्याइँमा टिकेको सरकारको विकल्प सोच्नुपर्छ । यसका लागि आफ्नै वर्गीय सरकारको निर्माणका लागि सैर्ष गर्नुपर्छ । जबसम्म उत्पादनका साधनमा श्रमिकको नियन्त्रण हुँदैन, तबसम्म सहरका खोलाकिनारहरूमा डोजरको आतङ्क चलिरहने निश्चित छ । त्यसैले, सुकुमबासी आन्दोलनलाई व्यापक राजनीतिक क्रान्ति र वैज्ञानिक समाजवादसँग जोड्नु नै आजको मुख्य कार्यभार हो । ***-रातोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष**: रोकिएको प्रयासले फेरि गति लिन सक्छ। निर्णयमा अघि बढ्ने चाहना बढ्नेछ। | **तुला** :सहकार्य र सम्बन्ध महत्वपूर्ण बन्नेछन्। दाम्पत्य पक्षमा निकटता बढ्ने संकेत छ। |
| **वृष** : विश्राम आवश्यक पर्ने दिन छ। खर्चतर्फ नियन्त्रण राख्नु बुद्धिमानी हुनेछ। | **वृश्चिक** : दैनिक काममा चाप बढ्न सक्छ। मेहनतको परिणाम देखिन थाल्नेछ। |
| **मिथुन**: सामाजिक घुलमिल बढ्ने संकेत देखिन्छ। काममा फाइदा पुर्‍याउन सक्छ। | **धनु** :मनमा उत्साह र उमंग बढ्नेछ। सिर्जनात्मक काममा रुचि जाग्न सक्छ। |
| **कर्कट** : कामको बोझ केही बढ्न सक्छ। वरिष्ठ व्यक्तिको नजर तपाईंमाथि रहनेछ। | **मकर** : घरको वातावरण शान्त राख्नु लाभदायक हुनेछ। परिस्थिति सहज बनाउनेछ। |
| **सिंह** : नयाँ ठाउँ विषयप्रति आकर्षण बढ्न सक्छ। सिकाइबाट लाभ मिल्ने संकेत छ। | **कुम्भ** : संवाद क्षमताले प्रभाव बढाउनेछ। छोटो दूरीको यात्रा हुन सक्छ। |
| **कन्या** : गोपनीय विषय सुरक्षित राख्नु उचित हुनेछ। स्वास्थ्यमा आरामको कमी महसुस हुन सक्छ। | **मीन** : आर्थिक अवसर देखा पर्न सक्छ। मेहनतअनुसार प्रतिफल प्राप्त हुने संकेत छ। |

# शिक्षा

## कस्तो हुनुपर्छ सरकारको शैक्षिक सुधारको मार्गचित्र ?

राष्ट्रिय स्वतन्त्र पार्टीको झन्डै दुई-तिहाइको बलियो सरकार निर्माण भएपछि अब शिक्षा क्षेत्रका बेथिति र समस्या सम्बोधन हुने अपेक्षा गरिएको छ । हाम्रो विद्यालय र उच्च शिक्षामा बग्रेल्ती समस्या छन्, र तिनको समाधान कहाँबाट र कसरी सुरू गर्ने भन्ने आम चासोको विषय बनेको छ । तर यी समस्या समग्र रूपमा नकेलाई वा एकीकृत मार्गचित्र, योजना र कार्यक्रम निर्माण नगरी छुट्टाछुट्टै रूपमा टिपेर सम्बोधन गर्ने प्रयासले दीर्घकालीन र ठोस परिणाम दिन सक्दैन । उदाहरणका लागि, हाल कक्षा ४-५ मा आन्तरिक तथा पालिकास्तरमा परीक्षा नलिने र निरन्तर मूल्यांकनमार्फत सिकाइको लेखाजोखा गर्ने निर्णय गरिएको छ । तर यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले हतारमा कक्षा १-३ कै ढाँचामा मूल्यांकन प्रणालीको खाका बनाइरहेको भन्ने सुनिन्छ । जबकि कक्षा १-३ को एकीकृत पाठ्यक्रम अनुसारको मूल्यांकन प्रणाली नै विभिन्न अध्ययनले अत्यन्त बोझिलो र अव्यावहारिक रहेको देखाइसकेको छ । त्यसैले, समस्या पहिचान र समाधानबीच आवश्यक समन्वय र गहिरो विश्लेषण नगरी शैक्षिक समस्यालाई एकांकी रूपमा टिपेर समाधान दिनु टालटुले उपाय मात्र हुन जान्छ । शिक्षाका चुनौतीहरूलाई सम्पूर्णतामा बुझ्दै, दीर्घदृष्टि सहितको एकीकृत सुधार मार्गचित्र निर्माण गर्न व्यापक बहस र विभिन्न सरोकारवाला र निकायबीच सहकार्य आवश्यक छ । यस लेखमा शैक्षिक समस्या समाधानका मूलभूत पक्षहरूलाई विद्यालय शिक्षा र उच्च शिक्षामा वर्गीकरण गरी प्रस्तुत गरिएको छ । नेपालको संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरेपछि संघ, प्रदेश र स्थानीय तहबीच भूमिका र जिम्मेवारीमा गम्भीर अन्योल देखिएको छ। पाठ्यक्रम निर्माण, शिक्षक नियुक्ति, तालिम, सरूवा-बढुवा, मूल्यांकन र अनुगमन जस्ता आधारभूत सवालमा स्पष्ट कार्यविभाजन नहुँदा नीतिगत द्वन्द्व, प्रशासनिक खिचातानी र कार्यान्वयनमा अलमल बढेको छ । विशेषगरी शिक्षक व्यवस्थापन कसको अधिकारभित्र पर्छ भन्ने प्रश्न अहिले सबैभन्दा पेचिलो बनेको छ । नीतिमा स्थानीय अधिकार भनिए पनि व्यवहारमा विद्यालय शिक्षा अझै केन्द्रबाट निर्देशित छ । यसै अस्पष्टताका कारण संघ र स्थानीय तहबीच प्रत्यक्ष द्वन्द्व देखिन थालेको छ । उदाहरणका लागि, हालै शैक्षिक सत्र सुरू गर्ने मिति र आइतबारको बिदासम्बन्धी संघीय निर्णय धेरै स्थानीय तहहरूले अस्वीकार गर्दै आफ्नै क्यालेन्डर अनुसार भर्ना र पठनपाठन सञ्चालन गरे । उनीहरूले संविधानको अनुसूची ८ अनुसार विद्यालय शिक्षा आफ्नो एकल अधिकार भएको दाबी गरेका छन् । यसले संघीय निर्देशन र स्थानीय स्वायत्तता बीचको टकरावलाई स्पष्ट देखाउँछ । यस्तै, शिक्षक व्यवस्थापनमा पनि द्वन्द्व झन् प्रस्ट हुन्छ । हालै ग्रामथान गाउँपालिकामा एक शिक्षकको सरूवा प्रक्रिया विद्यालय र सम्बन्धित शिक्षकको जानकारी र सहमतिबिनै पालिका प्रमुखकै हस्ताक्षरबाट गरिएको घटनाले अधिकारको प्रयोग कति विवादास्पद र दुरूपयोग समेत हुनसक्ने भन्ने देखाउँछ । यस प्रकारको अस्पष्टताले स्थानीय आवश्यकता अनुसार शिक्षा विकास नहुने मात्र होइन, जातीय, भाषिक र वर्गीय असमानता झनै




गहिरिने जोखिम बढाउँछ । त्यसैले विद्यालय शिक्षामा अधिकार र कार्यक्षेत्रको स्पष्टता, शिक्षामा स्थानीयकरणको ठोस ढाँचा र सामाजिक न्याय उन्मुख शिक्षा प्रणालीका लागि स्पष्ट मार्गचित्र निर्माण गर्नु अत्यावश्यक देखिन्छ । यसका लागि विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकृत गर्न बनेको विधेयकलाई आवश्यक परिमार्जन गरी संसदबाट पास गरेर छिटो कार्यान्वयनमा लैजानुपर्छ । शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरूको भूमिका र पुनर्संरचना: हाल शिक्षा मन्त्रालय अन्तर्गत विद्यालय शिक्षाका नीतिगत कार्य गर्ने पाँच महत्वपूर्ण निकाय छन पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षक सेवा आयोग । पाठ्यक्रम विकास केन्द्रले विद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शिक्षण सामग्री विकास गर्छ. राष्ट्रिय परीक्षा बोर्डले एसइई तथा एसएलसी परीक्षाको सञ्चालन र व्यवस्थापन गर्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षा नीतिको कार्यान्वयनसँगै शिक्षक तालिमका कामहरू गर्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालय र शैक्षिक निकायहरूको कार्यसम्पादनको नियमित मूल्यांकन गर्छ । शिक्षक सेवा आयोगले स्वीकृत दरबन्दीमा स्थायी शिक्षकको छनोट र बढुवा परीक्षा सञ्चालन गर्छ र योग्य उम्मेदवारको सिफारिस गर्छ । यी सबै निकायका काम अत्यन्त प्राविधिक र विशेषज्ञता आवश्यक पर्ने खालका छन् । पाठ्यक्रम निर्माण, बहुआयामिक मूल्यांकन प्रणाली, शिक्षक छनोट, तालिम तथा गुणस्तर परीक्षण जस्ता कार्यहरू सामान्य प्रशासनिक काम होइनन्। यी क्षेत्रमा अध्ययन, अनुसन्धान र विषयगत दक्षता अनिवार्य हुन्छ । तर हाल शिक्षा मन्त्रालयका यी निकायमा रूचि, क्षमता र विशेषज्ञता अनुसार कर्मचारीको छनोट र बाँडफाँट गर्ने स्पष्ट प्रणाली छैन । त्यसैले 'राइट पर्सन इन द राइट प्लेस' को अवधारणा अनुसार कर्मचारीलाई वर्गीकरण गरी आवश्यक तालिम र तयारी सहित यी निकायका लागि विशेषज्ञ जनशक्तिको स्थायी संयन्त्र विकास गर्नु आवश्यक देखिन्छ । शिक्षा मन्त्रालयका निकायहरूसँगको हाम्रो सहकार्यको अनुभवले देखाउँछ कि कर्मचारीहरू एक निकायमा राम्रोसँग काम सुरू गर्न नपाउँदै अर्को निकायमा सरूवा हुन्छन् । यस्तो छिटो सरुवा प्रणालीले कुनै पनि निकायमा उनीहरूको गहिरो दक्षता विकास हुन दिँदैन र कार्यसम्पादनमा निरन्तरता पनि कमजोर हुन्छ । अर्को महत्त्वपूर्ण पक्ष के हो भने पाठ्यक्रम, परीक्षा, मूल्यांकन र शिक्षक तालिमजस्ता कार्यहरू मन्त्रालय अन्तर्गतका प्रशासनिक संरचनाबाट सञ्चालन गर्दा अधिकतम बाह्य जनशक्तिमा निर्भर हुनुपरेको छ यसले अपनत्व र निरन्तरताको समस्या निम्त्याउँछ । तसर्थ यस्ता प्राविधिक कार्यका लागि सम्बन्धित निकायहरूलाई स्वायत्त पेशागत संस्थाका रूपमा विकास गर्न सकिन्छ, जहाँ नेतृत्व र जनशक्तिमा विषयगत विशेषज्ञता र अनुभव अनिवार्य हुनुपर्छ । यसैगरी, केही क्षेत्रमा विश्वविद्यालयहरूसँग साझेदारी प्रणाली विकास गर्नु पनि आवश्यक छ । शिक्षक तालिम, शैक्षिक गुणस्तर परीक्षण, पाठ्यक्रम विकास तथा अनुसन्धानका क्षेत्रमा विश्वविद्यालयहरूसँग उच्चस्तरीय जनशक्ति उपलब्ध हुने भएकाले मन्त्रालय र विश्वविद्यालयबीच साझा संयन्त्र निर्माण गरी विशेषज्ञता र स्रोतको प्रभावकारी उपयोग गर्न सकिन्छ । नेपालको विद्यालय शिक्षाको मुख्य समस्या भनेको पाठ्यक्रम अत्यधिक ज्ञान-केन्द्रित, बोझिलो र पाठ्यपुस्तक-निर्भर हुनु हो । यसले विद्यार्थीमा ज्ञानको बोझ बढाएको छ, तर जीवनोपयोगी सीप, अभिवृत्ति र व्यवहार विकास गर्न भने कमजोर बनेको छ । अबको आवश्यकता भनेको ज्ञानमा आधारित पाठ्यक्रमलाई सक्षमता-आधारित, क्रियाकलापमुखी र जीवनसँग जोडिने पाठ्यक्रम निर्माण गर्नु हो। पहिलो, प्रत्येक तह र विषयमा ज्ञानसँगै सीप, अभिवृत्ति र व्यवहार विकास हुने गरी स्पष्ट सक्षमता निर्धारण गर्नुपर्छ । अहिले पनि यो अभ्यास कक्षा १-३ बाट सुरू भएको छ। तर ती सक्षमताको सूची धेरै लामो र निरन्तरको मापन र त्यसको अभिलेखीकरण गर्न असम्भव हुने स्वरूपको छ । यस्ता सिकाइ सक्षमता सरल, संक्षिप्त र मापनयोग्य बनाउनु पर्छ । आधारभूत तहमा एउटा विषयका सक्षमता २० देखि ३० भन्दा बढी हुनु हुँदैन । यी सक्षमताको सूची पाठ्यपुस्तकको अनुसूचीमा पनि राख्नुपर्छ र हरेक सक्षमता कुन हदसम्म हासिल हुँदैछ भनेर निरन्तर र आवधिक रूपमा विद्यार्थी र अभिभावकले जानकारी र पृष्ठपोषण पाउने प्रणाली निर्माण गर्नुपर्छ । सक्षमता निर्धारण गर्दा विषयगत दक्षता र सीपसँगै व्यहारकुशल तथा एक्काइसौँ शताब्दीका सीप जस्तै संचार, सहकार्य, नेतृत्व, समस्या समाधान, आलोचनात्मक चिन्तन, सृजनात्मकता इत्यादि विकास हुने सुनिश्चितता गर्नुपर्छ । यसले सिकाइलाई परिणाममुखी र जीवनोपयोगी बनाउँछ । शैक्षिक सत्रको सुरूमा हरेक शिक्षकको हात-हातमा सिकाइ सक्षमताको सूची हुनुपर्छ र प्रधानाध्यापकले यी सूचीमा विद्यार्थीलाई सक्षम गराउनु होला भनेर 'लर्निङ कन्ट्र्याक्ट' गर्नुपर्छ । दोस्रो, हालको पाठ्यक्रम अत्यधिक बोझिलो भएकाले यसको विषयवस्तुको आयतन घटाउन जरूरी छ । ज्ञानका सबै पक्ष समेट्ने प्रयासले हालको पाठ्यक्रम बढी सैद्धान्तिक र गह्रौं भएको छ । शिक्षक, विद्यार्थी, अभिभावक, नीतिनिर्माता र सम्पूर्ण सरोकारवालाको सक्रिय सहभागिता र अपनत्व सुनिश्चित हुनु अनिवार्य छ । ? ***-सेतोपाटी डटकम***

## कस्ता विश्वविद्यालय बनाउन चाहन्छ बालेन सरकार ?




सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विषेश व्यवस्था गर्न बनेको अध्यादेश, २०८३ जारी भएपछि विश्वविद्यालयहरूमा रिक्त उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिको हालै प्रकाशित सूचना देखेपछि मनमा प्रश्न उठ्यो, 'उपकुलपति भनेको के हो ? यसको योग्यता र छनोट प्रक्रिया कस्तो हुनुपर्छ ? हालै प्रकाशित सूचनाअनुसार १० दिनभित्र आवेदन पेस गरेर कस्ता उपकुलपति छनोट होलान् ?' कुलपति शब्द संस्कृत शब्द कुल अर्थात् समूह र पति भन्नाले त्यस समूहको नेतृत्वकर्ता भन्ने बुझिन्छ । करिब ५ हजार वर्ष पहिलेका पुराणहरूमा कुलपतिलाई यसरी परिभाषित गरेको पाइन्छ । अर्थात् जसले १० हजार मुनि वा विद्यार्थीहरूलाई नि:शुल्क अन्न, जल र आवासको व्यवस्था गरेर अध्यापन गराउँछन्, त्यस्ता महान् विप्रर्षि वा विद्वानलाई कुलपति भनिन्छ । यसरी पूर्वीय दर्शन हेर्ने हो भने कुलपति वा उपकुलपति बन्नु कुनै खास प्राज्ञिक योग्यता मात्र नभई ज्ञान, सेवा, करुणा, स्रोत-साधन र समर्पणले योग्य हुनुपर्ने व्यक्तित्व जनाउँछ । सनातनी सभ्यता र इतिहासमा रुचि भएका र नेपालमा भएका सबैजसो विश्वविद्यालयका कुलपति प्रधानमन्त्री बालेन शाहले कस्ता विश्वविद्यालयहरू बनाउन खोजेका हुन् ? उहाँकै रुचिअनुसार रिक्त भएका उपकुलपतिका पदहरूमा सरकारले कस्ता व्याक्तित्व ल्याउन खोजेको हो ? ५ वर्षका लागि शक्तिशाली जनादेश पाएका विश्वविद्यालयका कुलपति शाहको उच्च शिक्षाप्रतिको प्रष्ट दृष्टिकोण के हो भन्ने कुरा थाहै नपाई १० दिनको मात्रै समय राखेर आवेदन माग गर्दा, विश्वविद्यालय विकासको लागि उपकुलपतिका आवेदक्ले कस्तो दृष्टिकोण बनाउलान् ? शिक्षा मन्त्री वा प्रधानमन्त्री सरोकारवालासँग यो विषयमा छलफल किन गर्न चाहँदैनन् ? प्राज्ञिक क्षेत्रमा यो विषयमा किन मौनता छाएको छ ? उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधिलाई आधार मान्ने हो भने, यो कार्यविधिले नियुक्ति प्रक्रियामा पारदर्शिता र योग्यतामा आधारित रहेर प्रतिस्पर्धी नेतृत्व खोजी गर्ने प्रयास गर्न खोजेको भए तापनि एकै पटक देशका मुख्य विश्वविद्यालयमा रिक्त पदाधिकारीको १० दिनको मात्रै समय राखेर आवेदन माग गर्दा विश्वविद्यालयको विकासको प्रष्ट दृष्टिकोण बनाउन र प्रस्तुतिको समयको सहजता कस्तो होला ? यसरी माग गरिएको आवेदन मात्र कागजी हुने हो कि ? यसरी नियुक्त भएका उपकुलपतिमाथि राजनीतिक र सरकारको रवैया कस्तो होला ? राजनीतिक हस्तक्षेप अझै बढेर विश्वविद्यालयको स्वायत्त गरिमामा झनै आँच पो आउने हो कि भन्ने प्रश्नहरू चाहिँ सामाजिक सञ्जालमा देखिन थालेका छन् । शिक्षा मन्त्रालयकै वेबसाइटमा हेर्ने हो भने पनि अध्यादेशबाट रिक्त पदहरूमा पदपूर्ति गर्न यस अगाडिकै सरकारहरूले बनाएका विभिन्न कार्यविधिहरू देख्न पाइन्छ । यस पटकको कार्यविधिको विशेष व्यवस्था के हो ? पूर्वशिक्षा मन्त्री महावीर पुनले ल्याउन खोजेको अध्यादेश जस्तो विश्वविद्यालयको कुलपति नै प्राज्ञिक व्यक्ति हुनुपर्ने र वोर्ड अफ ट्रस्टीबाट विश्वविद्यालय चलाउने भन्ने जस्तो कुरा हालको अध्यादेशमा किन अट्न सकेन ? पहिले पनि यही सिफारिस समिति यस्तै थियो । कार्यविधि उस्तै थियो भने अहिलेको प्रक्रिया कसरी क्रमभङ्गता भयो ? न अन्तर्राष्ट्रिय विज्ञताको लागि खुला गर्न सकियो न राजनीतिक आबद्धता फेर्न सकियो ? फरक यत्ति देखियो, पहिले ओली-देउवा-दाहाल हाबी थिए । अब रवि-बालेन हाबी होलान् । हिजो गठबन्धनबीचको भागबण्डाले निर्णय गर्ने गरेको थियो, आज शक्तिशाली सरकारको एकलौटी निर्णय होला । हालसालै प्रधानन्यायाशीध सिफारिस भएका व्यक्तिसमेत न्यायाधीश नियुक्त भएको बेला कृतज्ञता ज्ञापन गर्न पार्टी कार्यालय गएका समाचारहरू आइरहँदा अब बन्ने उपकुलपतिहरूको राजनीतिक स्वच्छताको मापन कसरी गर्ने ? वैज्ञानिक डा. उत्तमबावु श्रेष्ठले सामाजिक सञ्जालमा व्यक्त गर्नुभएको धारणाअनुसार विद्यावारिधि, अनुसन्धान र प्राध्यापन जस्ता कुरा प्राध्यापक बन्न जरुरी हुन् । प्राध्यापकको प्रवेश बिन्दु हुनुपर्ने योग्यता राखेर नेतृत्वको मापदण्ड बनाउँदा त्यसमा नवीनता कसरी भयो ? उही विधि र प्रक्रिया राखेर पुराना राम्रा भएनन्, त्यो भन्दा योग्य आउन् भन्ने कुरा यही संरचनामा कसरी सम्भव होला ? हुन त, विश्वविद्यालय स्वायत्त संस्था रहेको भए तापनि यसको नेतृत्व चयन पछाडि विश्वविद्यालय भित्रका दलीय संगठनको कारण भएको राजनीतिक हस्तक्षेप/सहभागिताका कारण चाहिँ धेरै आलोचित भएका हुन् । विश्वविद्यालयभित्र दलीय संगठन हटाउने कुरा, विश्वविद्यालयको अनियमितता छानबिन गर्ने कुरा, अतिक्रमित जग्गा फिर्ता गर्ने कुरा स्वागतयोग्य हुन् । लामो समयदेखि अल्झिरहेका मुद्दाहरू जस्तो- कृषि तथा वन विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबीचको सर्वोच्च अदालतले नै फैसला गरेको जग्गासम्बन्धी लामो विवाद सुल्झाउने जस्ता विश्वविद्यालय सुधारका लागि गर्नुपर्ने थुप्रै कामहरू नहेरी व्यक्ति फेर्ने कदममा बालेन सरकार यति धेरै आक्रमक बन्नु किन परेको हो ? के सरकार बनेको एक महिनामै यति धेरै विश्वविद्यालयका पदाधिकारीले एक साथ सहयोग नगरेको महसुस भएको हो ? के यस्तै अवस्थामा योग्य प्राध्यापकहरू लाइन लागेर निवेदन दिन जालान् त ? पुराना राजनीतिक दलसँगको आबद्धता भयो भन्ने पूर्वाग्रहले मात्रै विश्वविद्यालय लक्षित कदमहरू आएका हुन् भने बालेन सरकारको यो ऐतिहासिक गल्ती हुनेछ । जनशक्तिको राष्ट्रिय आवश्यकता मूल्यांकन नगरी हचुवा र प्रभावका आधारमा स्थापना गरिएका सबै विश्वविद्यालयहरू हामीलाई जरुरी छन् ? सरकारी लगानीका यतिका विश्वविद्यालय हुँदाहुँदै नेपाली युवाहरू प्लस टु नसकी विदेशिन किन हतारिँदै छन् ? अझै पनि विश्वविद्यालयको नेतृत्व तरमारा वर्गका पुरुषहरूको कब्जामा मात्र किन छ ? हाम्रा विश्वविद्यालयले उद्योगी किन उत्पादन गर्न सकेनन् ? यदि विश्वविद्यालयको समस्याको साँच्चै चिरफार गर्न खोजेको हो भने यस्ता विषयहरू मात्र नभई ऐतिहासिक आयामदेखि नै अध्ययन जरुरी छ । नेपालको उच्च शिक्षा प्रणालीको ऐतिहासिक आयाम संस्कृतमा आधारित गुरुकुल शिक्षा र बौद्ध दर्शनमा आधारित थियो । पछि राणाहरूले अंग्रेजी शिक्षाबाट प्रभावित भई आफ्ना सन्तानहरूलाई अंग्रेजी शिक्षा दिलाउने हेतुले दरबार हाइस्कुल र त्रिचन्द्र क्याम्पस स्थापना गरेसँगै पश्चिमी शैलीको शिक्षामा रुपान्तरित हुँदै गएको देखिन्छ । नेपालको औपचारिक उच्च शिक्षाले २००७ सालमा प्रजातन्त्रको स्थापनाबाट मात्रै गति लिएको देखिन्छ भने सुरुवातीबाटै उच्च शिक्षा विकासमा भारत, चीन, रसिया, बेलायत, अमेरिका जस्ता देशहरूको योगदान/प्रभाव देख्न सकिन्छ । २०१२ सालमा विभिन्न क्षेत्रका ४७ जना विज्ञ सम्मिलित राष्ट्रिय शिक्षा आयोगले सरकारी तहबाट शिक्षाको विकास मोडेल तयार गर्न बुझाएको प्रतिवेदन हेर्ने हो भने पनि उक्त प्रतिवेदन पश्चिमा विश्वविद्यालयका मान्यताहरूबाट प्रभावित भएको पाइन्छ । २००८-२०१५ सालसम्म काठमाडौं उपत्यकामा ७ वटा, पूर्वी नेपालमा ६, पश्चिम नेपालमा ३ र वीरगञ्जमा १ गरी १७ वटा कलेज स्थापना भएका थिए । तर यस्ता कलेजका कार्यक्रमहरू भारतको पटना विश्वविद्यालयले निर्देशित गर्ने गरेको पाइन्छ । संस्कृतसँग सम्बन्धित क्यापसहरूमा वनारस हिन्दू विश्वविद्यालयको प्रभाव पाइन्छ । २०१६ सालमा तत्कालीन राजा महेन्द्र, सरकार र राजनीतिक नेतृत्वको पहलमा राजा त्रिभुवनको नाममा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको हो । देशकै जेठो यो विश्वविद्यालयको इतिहास हेर्ने हो भने सुरुवाती चरणमा अमेरिकी विश्वविद्यालयबाट सहजीकरण भएको देखिन्छ । त्रिभुवन विश्वविद्यालयको मूल्यांकनमा भारतीय र बेलायती प्रभाव तथा पाठ्यक्रममा पश्चिमी प्रभाव रहेको पाइन्छ । उपकुलपति विश्वविद्यालयको प्राज्ञिक विशिष्टतामा उचाइ दिन सक्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय छवि प्रबर्द्धन गर्ने, सबै सरोकारवालाको अपनत्वको भावना विकास गर्न सक्ने हुनुपर्छ । त्यसैगरी बदलिँदो परिस्थितिमा प्रष्ट दृष्टिकोण, नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने र विश्वविद्यालयमा कार्यरत सबैको व्यक्तिगत र संस्थागत विकासको लागि प्रोत्साहन गर्ने खालको नेतृत्व जरुरी देखिन्छ । पुराना प्रतिवेदनहरू हेर्ने हो भने, थुप्रै विदेशी विज्ञहरूले समेत विश्वविद्यालयको विकासमा योगदान गरेको देखिन्छ । त्यसैले नेपाली मूलका विज्ञहरू विश्वभरि नै प्रतिष्ठित हुँदै गइरहेको अहिलेको अवस्थामा विश्वविद्यालयको नेतृत्व गर्न नागरिकता पनि बाधक बन्नु हुँदैन । त्यसको लागि प्राथमिकता र उद्देश्य प्रष्ट हुनुपर्‍यो । विश्वस्तरमा हेर्ने हो भने, अन्तर्राष्ट्रिय व्यक्तित्वलाईसमेत निश्चित उद्देश्य प्राप्त गर्न विश्वविद्यालयको नेतृत्व सुम्पिएका उदाहरणहरू पाइन्छन् । उदाहरणका लागि दक्षिण कोरियाको विज्ञान विषयमा प्रतिष्ठित किस्टमा स्टानफोर्ड विश्वविद्यालयका प्रसिद्ध नोवेल पुरस्कार प्राप्त भौतिकशास्त्री प्रा.डा. रोवोर्ट लाफलिनले विश्वस्तरिय अनुसन्धानको केन्द्र बनाउने लक्ष्यका साथ अन्तर्राष्ट्रिय अध्यक्षको रूपमा काम गरेका थिए । अहिलेलाई भने विश्वविद्यालयको नेतृत्व कस्तो आउला र कस्तो गति देला भन्ने हेर्न भने केही समय पर्खनै पर्ने हुन्छ । आशा गरौं, नेपालका विश्वविद्यालयहरूले मौलिकता सुहाउँदो नेतृत्व प्राप्त गरुन् र नेपालको मौलिक धरातललाई सुधार गर्दै विश्वस्तरको उत्कृष्टता विस्तार गर्न सकुन् । ***-अनलनाइन खबर डटकम***

# प्रेस स्वतन्त्रताको रक्षा गर्न एकजुट हुनुपर्नेमा जोड



**कृष्ण पोखरेल**

पाल्पा, बैशाख २७/प्रेस स्वतन्त्रताको रक्षाका लागि पत्रकारहरु एक जुट हुनुपर्नेमा एक कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । प्रेस चौतारी नेपाल पाल्पाको २६ औं स्थापना दिवसका अवसरमा आइतबार तानसेनमा आयोजना गरिएको शुभकामना आदान-प्रदान र भित्ते पात्रो सार्वजनिक कार्यक्रममा सहभागी पत्रकारहरुले सरकारले निजी मिडियालाई बन्द गरेर आम नागरिकहरुको मुख थुन्ने प्रयास गरेको भन्दै प्रेस स्वतन्त्रताको रक्षाका लागि पत्रकारहरु एक जुट हुनुपर्ने बताएका हुन् ।

सरकारले गरेका जनविरोधी कामहरु समेत मिडियाले उठाउन थालेपछि दुई तिहाईको बहुमत प्राप्त सरकारले निजी क्षेत्रबाट सञ्चालित मिडिया नै बन्द गर्न लागेको उनीहरुको भनाई छ । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले आफ्नो भजन मात्र गाउने सरकारी मिडियालाई जोगाउने, निजी मिडियालाई सरकारी विज्ञापन रोकेर बन्द गर्न बाध्य बनाउने र हजारौ पत्रकारहरुलाई बेरोजगार बनाउने तर्फ वर्तमान सरकारले चालेको निरकुंश शैली तत्काल सच्चाउन माग गरे । आफ्नो गलत निर्णय सच्चाउन पत्रकार महासंघले गरेको अनुरोधलाई वर्तमान सरकारले वेवास्ता गरेमा कडा किसिमका आन्दोनमा देशभरका पत्रकारहरु उत्रिने चेतावनी समेत अध्यक्ष तिमिल्सेनाले दिए । जनताको जनमतलाई पत्रकारहरुले सम्मान गर्दै आएको भए पनि गलत कुराको पत्रकारहरुले सधै खवरदारी गर्ने काम गरे पनि राज्यले संरक्षण गर्नुपर्नेमा घुमाउरो तरीकाबाट निजी मिडिया नै बन्द गर्न वर्तमान सरकार लागि परेको उनको भनाई छ । स्थापना दिवसको अवसरमा सरकारले निजी क्षेत्रलाई विज्ञापन नदिने गरेको निर्णय तत्काल सच्चाउन प्रेस चौतारी पाल्पाले माग गरेको छ । कार्यक्रममा नेकपा एमालेका केन्द्रिय सदस्य नारायण प्रसाद आचार्य, एमाले जिल्ला अध्यक्ष ओम बहादुर घर्तिमगर, प्रेस चौतारी पाल्पा इन्चार्ज मिलन विश्वकर्मा, पत्रकार महासंघका पूर्व अध्यक्षहरु गोविन्द भट्टराई, राजेश कुमार अर्याल, महासंघ पाल्पाका पूर्व सचिव किरण कौशल लगायतले मिडिया तथा प्रेसलाई नियन्त्रण गर्न खोज्नु जनताको दुई तिहाई मतको दुरुपयोग गर्दै अधिनायवाद निरङ्कुश शैलीमा सरकार चल्न खोजेकोले तत्काल निर्णय सच्चाउनु पर्ने बताए । कार्यक्रम शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, सचिव दयाराज न्यौपानेको सञ्चालनमा भएको थियो ।

# आज महिला ज्योतिष संघ स्थापना दिवस

**पाल्पा,** वैशाख २७/आज महिला ज्योतिष संघ स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष वैशाख २८ मा सैको स्थापना दिवस मनाउने गरिएको हो ।

ज्योतिष पेसामा परापूर्व काल देखि नै महिलाहरूको सहभागिता र नेतृत्व असाध्यै कम भएको पाइन्छ । तर पछिल्ला समयमा ज्योतिषबिधामा महिलाहरूको नेतृत्व बढ्दो छ । नेपालका महिला ज्योतिषहरू मिलेर आफ्नो हक अधिकार र सङ्गठनात्मक विकासलाई पैरवी गर्नका लागि राष्ट्रिय महिला ज्योतिष सैको स्थापना गरेका हुन् । वास्तवमा ग्रहको चालको सापेक्षिक असर मान्छेको जन्मको समय र ठाउँका आधारमा हुने अध्ययन नै ज्योतिष शास्त्र हो तर बृहत् रूपमा ज्योतिष शास्त्र यतिमै मात्र सीमित कहाँ हुन्थ्यो र ? पश्चिमाहरूले ज्येतिषशास्त्रलाई मेटाफिजीकल भनेर अभौतिक विषयको विज्ञानका रूपमा व्याख्या गरिएको पनि पाइन्छ तथापि पूर्वीय दर्शनमा भने कसमस अर्थात् ब्रह्माण्डको नै अध्ययन अनि ग्रह, नक्षत्र र तिनका प्रभावको अध्ययन गर्ने विशालकाय भौतिक विषयवस्तु विज्ञान मानिन्छ । विज्ञानको प्रारम्भिक स्वरूप नै ज्योतिष शास्त्रलाई लिइन्छ र आज यस शास्त्रको महिमा अनि महत्व बिश्वभरिनै गुञ्जायमान छ । हातमा केही थान पुस्तक अनि चन्दनको भार निधारमा हुँदैमा कोही ज्योतिष हुँदैन, चोक चौराहमा मन बहलाउन अनि गफ दिन मात्रै बसेका भविष्यङ्गस्टाका स्वघोषित मनुवाहरू सबै ज्योतिष कहाँ हुन्छन् र ? ज्योतिष विद्या जान्नका लागि त्याग तपस्या अनि बलिदान चाहिन्छ । नेपालभरि विभिन्न विद्यापीठ अनि बिधाआश्रममा सदियौं देखि यस विद्या अध्ययन अध्यापन गराइन्छ । जसले जे भने पनि ज्योतिष शास्त्र मानवले आफूलाई हेर्ने एउटा महत्पूर्ण घडी अनि दर्पण हो ।

## खेलकुद समाचार

### डीएलएसमा नेपाल ‘ए’ले स्कटल्यान्डलाई ९ रनले हरायो



**काठमाडौं,** वैशाख २७/एकदिवसीय अभ्यास शृङ्खलाको चौथो खेलमा नेपालको ‘ए’ टोलीले स्कटल्याण्डलाई डीएलएस नियमका आधारमा ९ रनले हराएको छ । स्टकल्याण्डले दिएको ३ सय ३ रनको लक्ष्य पछ्याएको नेपालले ३४ ओभर ५ बलमा ४ विकेट गुमाएर २ सय ४ रन बनाउँदा पानी परेपछि खेल रोकिएको थियो । त्यसपछि डीएलएस नियमका आधारमा नेपालको ‘ए’ टोली विजयी भएको हो । नेपालका सन्दीप जोराले अविजित ८३ र इशान पाण्डेले ५० रन बनाए । त्यसअघि माथिल्लो मुलपानी क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको स्कटल्याण्डले ८ विकेट गुमाएर ३ सय ३ रन बनायो । स्कटल्याण्डका जर्ज मुन्सीले ६२ र माइकल इंग्लिस नटआउट ५६ रन बनाए । नेपालका आकाश चन्दले ३ विकेट लिए । आईसीसी विश्वकप क्रिकेट लिग-टु खेल्न नेपाल आएका अमेरिका र स्कटल्याण्डको टोलीसँग नेपाल ‘ए’ले एकदिवसीय अभ्यास शृङ्खला खेलिरहेको हो । नेपाल ‘ए’ ले स्कटल्याण्ड र अमेरिकासँग दुई/दुई अभ्यास खेल खेल्ने कार्यतालिका अनुसार आजको खेल चौथो हो । यसअघि अस्ति भएको पहिलो खेलमा नेपाल ‘ए’ ले स्कटल्याण्डलाई ४५ रनले र हिजो भएको खेलमा अमेरिकालाई तीन विकेटले हराएको थियो । नेपाल क्रिकेट संघ (क्यान)ले सार्वजनिक गरेको तालिकाअनुसार शृङ्खलाको अन्तिम खेलमा नेपालले पर्सि अमेरिकासँग खेल्नेछ । यो अभ्यास खेलपछि आउँदो वैशाख २९ गतेदेखि जेठ ८ गतेसम्म नेपाल, अमेरिका र स्कटल्याण्डबीच त्रिवि क्रिकेट रङ्गशालामा आईसीसी विश्वकप क्रिकेट लिग-टू प्रतियोगिता शुरू हुनेछ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### सुनचाँदीको मूल्यमा उतारचढाव



**पाल्पा,** वैशाख २७/गत शुक्रबारको तुलनामा स्थानीय बजारमा आइतबार सुनचाँदीको मूल्यमा सामान्य उतारचढाव आएको छ । आइतबार सुन तोलामा एक हजारले घटेको छ भने चाँदीको मूल्य भने २५ ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन सुनको भाउ प्रतितोला २ लाख ९८ हजार ९ सय रुपैयाँमा कायम भएको छ । अघिल्लो दिन २ लाख ९९ हजार ९ सय रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै गत आइतबार सुनको भाउ तोलामा २ लाख ९५ हजार १ सय रुपैयाँ थियो । सुनको भाउ घटे पनि चाँदी बढेको छ । अघिल्लो दिनको तुलनामा २५ रुपैयाँ प्रतितोला चाँदी महँगिएको हो । अघिल्लो दिन ५ हजार २७५ रुपैयाँमा कारोबार भएको चाँदी आज ५ हजार ३ सय रुपैयाँ पुगेको छ । गत आइतबार प्रतितोला ५ हजार १० रुपैयाँमा चाँदी कारोबार भएको थियो । गत शुक्रबार एक तोला छापावाल सुन रु दुई लाख ९९ हजार ९०० र त्यति नै परिमाणको चाँदी पाँच हजार २७५ मा खरिदबिक्री भएको थियो ।अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार आइतबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ७१५ र त्यति नै परिमाणको चाँदी ८० अमेरिकी डलरमा कारोबार भएको छ ।

## कला जोगाऔं, संस्कृति बचाऔं।

-कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
-चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
-स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
-हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
-विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
-सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
-युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
-कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
-सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
-कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुऱ्याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# बालविवाह न्यूनीकरण...

...वडा नं. ३ का वडा अध्यक्ष दामोदर पाठकले जुना डकुमेन्ट्री प्रदर्शनले बालविवाह न्यूनीकरणका लागि सचेतना प्रदान गरेको भन्दै आगामी दिनमा अझ परिस्कृत र व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नु पर्नेमा जोड दिए । यस्तै वडा नं. ४ का वडा अध्यक्ष रामबहादुर रानाले अब नगरपालिकाको भविष्य बालबालिकाको काँधमा रहेको भन्दै बालमैत्री स्थानीय साशन घोषणाका लागि जनप्रतिनिधि र बालबालिका एक भएर लाग्नु पर्ने बताए । वडा नं.८ का अध्यक्ष दिनेश आचार्यले बालविवाहका घटना बारे बालबालिकाले नै जनप्रतिनिधिलाई सूचित गरेर सघाउन आग्रह गरे । यसैगरी वडा नं. १० का वडा अध्यक्ष तोयानाथ सारु थापाले सबै बालबालिकालाई समेटिने गरी आगामी कार्यक्रम सञ्चालन गरेर नगरपालिकालाई पूर्ण बालमैत्री स्थानीय साशन घोषणा गर्नु पर्ने बताए । कार्यक्रममा कार्यपालिका सदस्य देवका पोखरेल, मायादेवि नेपाली, दुर्गा देवि भण्डारी गौतम, यम बहादुर भुजेल, वडा सदस्य तथा बालमैत्री फोकल पर्शन तेज कुमारी गैरे नेपाली, मोहन सिं राना, युवराज शाही, कमला गैरे, नारायण पोखरेल, सुमित्रा बर्मेली, महिला बालबालिका शाखा प्रमुख पुजा परियार, उद्यम विकास शाखा प्रमुख यमुना थापा, नगर बाल सञ्जालका अध्यक्ष शारदा प्रसाद श्रेष्ठ र उपाध्यक्ष विपना नेपाली लगायतले नगरपालिकालाई बालमैत्री स्थानीय साशन घोषणाका लागि जनप्रतिनिधि, कर्मचारी, नगर तथा वडा बाल सञ्जाल र सरोकारवाला सबै समन्वय गरेर अगाडि बढ्नु पर्नेमा जोड दिएका छन् । नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता, नगर बाल सञ्जालका अध्यक्ष सारदा प्रसाद श्रेष्ठको स्वागत र सचिव सिम्रन केशीको सञ्चालनमा कार्यक्रम भएको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई